Roll No.
रोल नं.

Series SHC

Code No. **24**
कोड नं.

- Please check that this question paper contains 3 printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains 8 questions.
- Please write down the serial number of the question before attempting it.
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ 3 हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में 8 प्रश्न हैं ।
- कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।

NEPALI
नेपाली

Time allowed : 3 hours | *Maximum Marks : 100*
निर्धारित समय : 3 घण्टे | *अधिकतम अंक : 100*

1. (क) न त आपद भाग्य न केहि छ यो ।
सब खेल यसै मनको बुझ हो ।।
यस हेतु सखे, शुभ कर्म यहाँ ।
मति देउ तिमी गर धर्म यहाँ ।।
गण छुट्याएर यी पंक्ति कुन छन्दमा पर्छन् लेख । 4

(ख) गण भनेको के हो ? वार्णिक र मात्रिक छन्दमा के अन्तर छ ? 2+3=5

(ग) 'पल्टन्छ जस्को बलियो शत्रु, को अधि सर्दछ ।
पल्टन्छ जस्को बलियो शत्रु, को अधि सर्दछ ।।
यी पंक्ति कुन अलंकारमा पर्छन् ? कारण बताउँदै लेख । 3

(घ) अलंकार भन्नाले के बुझिन्छ ? यसको मुख्य काम के हो ? 3

2. निम्न परिच्छेद पढ़ेर तल सोधिएका प्रश्नहरूका उत्तर लेख : 2×5=10

स्वजन्मभूमि, स्वराष्ट्र, स्वदेशप्रतिको प्रेमलाई, भक्तिलाई देशप्रेम व देशभक्ति भनिन्छ । जुन मानिसको हृदय देशप्रेमले पूर्ण छ उसैले वास्तविक सुखी जीवन यापन गर्न सक्छ । देशभक्त मानिसले सेवा अनि उपकारको वेदीमा आफ्नो स्वार्थ अर्पण गर्छ । त्याग, सेवा अनि उपकारको बलमा उ देश र देशवासीको अत्यानमा सदा तत्पर रहन्छ अनि स्वदेशको उन्नति आफ्नो उन्नति, स्वदेशको सुख आफ्नो सुख अनि स्वदेशको सफलता आफ्नो सफलता ठान्छ । यस्ता असंख्य देशभक्त देशवासीको बलमा नै देशले उन्नति गर्न सक्छ ।

(क) कस्तो मानिसले सुखी जीवन यापन गर्न सक्छ ?

(ख) देशप्रेम वा देशभक्ति के-लाई भनिन्छ ?

(ग) देशको उन्नति के-मा निर्भर गर्छ ?

(घ) देशभक्त मानिसले देशको निम्ति के-के गर्छ ?

(ङ) वाक्यमा प्रयोग गर :

स्वदेश, उत्थान ।

3. (क) आफ्नो इलाकामा फोहोर-मैला थुप्रिने गरेकोले स्वास्थमा असर पर्ने जनाउँदै वार्ड पञ्चायतलाई एउटा जनचेतनाको कार्यक्रम राखिदिने आग्रह गर्दै पत्र लेख । 5

(ख) निम्न विषयहरू मध्ये कुनै एकमाथि दुइसय शब्द सम्मको निबन्ध लेख : 10

(i) खेलकूदको क्षेत्रमा भारतको स्तर ।

(ii) स्वरोजगारी नै उत्तम हो ।

4. (क) "त्यसको आशामा पखेटा लागेको थियो । त्यसलाई शारीरिक परिश्रमकी वास्ता नै थिएना ।" 2+3=5

(i) यी वाक्यमा 'त्यसलाई' भनेर कसलाई लक्ष्य गरिएको हो ? यी पंक्ति भएकी पाठ र रचनाकारको नाम लेख ।

(ii) यहाँ 'आशामा पखेटा' लाग्नु भन्ने उक्तिले के कुरा बुझाउन खोजेको छ ? पाठको आधारमा प्रस्ट पारेर लेख ।

(ख) "बारी हरियो थियो ।" यस पाठमा लेखकले यी तीन शब्द द्वारा के भन्न खोजेका छन् ? आफूले बुझेका आधारमा लेख । 5

(ग) "मैले विचार गरें — पीपाको हवाल्दार मनुष्यको रूपमा, पाल उभ्याउने, किल्ला ठोक्ने, दाउरा काट्ने पानी बोक्ने मशीन मात्र रहेनछ । त्यसमा आत्मगौरव रहेछ ।" पीपाको हवाल्दारका बारेमा वक्ताले यी कुरा किन भनेका हुन् ? पाठको आधारमा त्यस हवाल्दारको व्यक्तित्वमाथि प्रकाश पार । 5

5. (क) "मानिस आदतको कमारो छ ।" 'दान' शीर्षक निबन्धको आधारमा यस भनाइमा कति सत्यता छ आफ्नो तर्क सहित उल्लेख गर । 5

(ख) 'नमस्ते' यस निबन्धमा निबन्धकारले 'नमस्ते' सँग आफूले दिक्क मान्नु परेका केही घटनाहरू दर्शाएका छन् । निबन्धकारको भनाइलाई समर्थन दिनका निम्ति तिमीलाई यस निबन्धमा मन परेका केही घटनाहरू पेश गर । 5

6. विद्वानहरूको भनाई अनुसार नेपाली भाषाको जन्म कसरी भएको हो ? 5

7. (क) सप्रसंग व्याख्या गर : 8

तड़ागमा खड़ा फेरि भयो कमलको वन ।
भित्री बीन छँदासम्म मासिन्थ्यो र कुरा कुन ?

(ख) ग्रीष्म ऋतुका दिनहरू, कस्ता हुन्छन् भनेर कविले वर्णन गरेका छन् संक्षेपमा लेख । 7

8. (क) सुखान्त नाटक कस्तो खालको नाटकलाई भनिन्छ ? 2

(ख) नेपाली नाट्य साहित्यले कहिलेदेखि आधुनिक कालमा प्रवेश गऱ्यो ? त्यस समयका केही नाटककार र उनीहरूका कृतिबारे संक्षिप्त परिचय देऊ । 4

(ग) भुनेलाई कस्तो बिमार लागेको छ ? उसलाई त्यस्तो बिमार कसरी लाग्यो ? 4

(घ) 'यो प्रेम' नाटक कस्तो खालको नाटक हो ? यस नाटकद्वारा नाटककारले कुन कुराको संकेत दिएका छन् ? 5